बहिष्कृत पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रसारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार सङ्गठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

# दैनिक प्रतिवेदन

**२०७४ मङ्सिर २० गते**

दोस्रो चरणको प्रदेश र प्रतिनिधिसभा निर्वाचनअन्तर्गत भोलि (बिहीवार) हुने मतदानका लागि सबै तयारी पूरा भएको छ। निर्वाचन आयोगले बुधवार दिउँसो पत्रकार सम्मेलन गरेर बिहीवार हुने मतदानका लागि सबै तयारी पूरा भएको जनाएको हो। भोलि देशका ४५ जिल्लाका प्रतिनिधिसभा १२८ र प्रदेशसभाका २५६ निर्वाचन क्षेत्रमा मतदान हुँदैछ। भोलि हुने निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि १ हजार ६ सय ६६ तथा प्रदेशसभा सदस्यका लागि २ हजार ८ सय १९ गरी ४ हजार ४ सय ८२ उम्मेदवार चुनावी प्रतिस्पर्धामा छन्। यस्तै समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत प्रतिनिधिसभाका ११० सिट र प्रदेशसभाका २२० सिटका लागि ५ हजार ८ सय ३८ जना प्रतिस्पर्धामा छन्। भोलि हुने निर्वाचनमा ४५ जिल्लाका १ करोड २२ लाख ३९ हजार ९ सय ९३ मतदाता सहभागी हुनेछन्।

मतदाता परिचयपत्र नभए पनि मतदान गर्न पाइने भोलिको निर्वाचनमा मतदाता नामावलीमा नाम भएका तर मतदाता परिचयपत्र नभएका व्यक्तिले पनि मतदान गर्न पाउने भएका छन्। निर्वाचन आयोगले मतदाता नामावलीमा नाम भएका तर मतदाता परिचयपत्र प्राप्त गर्न नसकेका मतदाताले समेत मतदान गर्न पाउने व्यवस्था गरेको हो।

'मतदाता नामावलीमा नाम भएका मतदाताले मतदान गर्न जाँदा मतदाता परिचयपत्र नभएमा नेपाली नागरिकताको प्रमाणपत्र वा २०७० सालमा निर्वाचन आयोगबाट जारी गरिएको मतदाता परिचयपत्र वा राहदानी वा सवारी चालक अनुमतिपत्र वा जग्गाधनी प्रमाणपत्र वा सरकारी निकायबाट फोटोसहित जारी भएका अन्य परिचयपत्रसमेतका आधारमा मतदान गर्न पाउनेछन्। स्थानीय तहको निर्वाचनमा मतदाता परिचयपत्र भएका मतदाताले सोही मतदाता परिचयपत्रका आधारमा मतदान गर्न पाउने प्रमुख आयुक्त यादवले बताए। इन्सेक जिल्ला प्रतिनिधिहरूले जनाएअनुसार मतदान केन्द्रको व्यवस्थापन लगायत अन्तिम तयारी पूरा भएको छ। खुल्ला सीमा भएका तराई मधेसका जिल्लाहरूमा सीमा नाका बन्द गरिएको छ।

**बारा प्रतिनिधि लक्ष्मी साह**काअनुसार जिल्ला सुरक्षा समितिले स्वच्छ, निष्पक्ष र भयरहित मतदानका लागि सुरक्षा कडा बनाएको छ। मुख्य निर्वाचन अधिकृत प्रकाश खरेलका अनुसार सबै ठाउँको मतदानको लागि ४ हजार कर्मचारी खटिइसकेका छन्। भारतीय गाडी, सीमावर्ती क्षेत्रमा जाँच र मदिरा पसलहरुमा कडाइ गरिएको छ। सुरक्षा समितिका अनुसार ३ सय ३ मतदान स्थल तथा ४ सय ७५ मतदान केन्द्रमध्ये १ सय २८ संवेदनशील र ६६ वटा मतदान स्थल अति संवेदनशीलको सुचीमा छन्।

**इलाम प्रतिनिधि कोकिला ढकाल**काअनुसार मौन अवधिमा चुनावी प्रचार-प्रसार गर्दै कार्यकर्ता भेला गराएको भन्दै मंसिर २० गते इलाम निर्वाचन क्षेत्र नम्बर २ प्रतिनिधिसभाका नेपाली कांग्रेसका उम्मेदवार केशव थापालाई स्थानीय युवालाई सडकमै नियन्त्रणमा लिएका छन्। २० गते इलाम नगरपालिका- ८ को सिङफ्रिङ गाउँ पुगेर फर्किंदै गरेका उम्मेदवार थापा र इलाम नगरपालिका-७ का वडाध्यक्ष नरेश श्रेष्ठसहितलाई स्थानीय युवाले करिब २० मिनेट बाटो छेकेको इलामका डिएसपी रमेश बस्नेतले जानकारी दिए। उम्मेदवार थापाले भने आफू बिरामी हेर्न गाउँ गएको बताए। जिल्लाका सबै मतदान स्थलमा परिचयपत्र वितरण गरिएको छ।

**मोरङ प्रतिनिधि इन्दिरा भट्टराई**काअनुसार मोरङको बेलवारी नगरपालिका स्थित सडकमा बम भेटिएपछि केही घण्टा सडक बन्द गरिएको छ। नेपाली सेनाले बम निस्कृत पारेर सडक खुलाएको छ। निर्वाचन आचारसंहिता विपरीत उम्मेदवारहरूले घरदैलो गरेको, सभा गरेको भन्दै क्षेत्रीय निर्वाचन कार्यालयमा उजुरी परेको छ।

**कपिलवस्तु प्रतिनिधि नन्दराम पौडेल**काअनुसार नेपाली काङ्ग्रेसका तर्फबाट निर्वाचन क्षेत्र नम्बर १ प्रदेश नम्बर १ का उम्मेदवार पुरन चौधरी चढेको गाडीमा अज्ञात समूहले मङ्सिर २० गते बिहान बम प्रहार गरेको जिल्ला प्रहरी कार्यालय कपिलवस्तुले जनाएको छ। चौधरीको गाडीलाई वाणगंगा नपा-१० मा अज्ञात समुहले बम प्रहार गर्दा गाडीमा क्षति पुगेपनि मानवीय क्षति नभएको प्रहरीले जनाएको छ। यसैगरी, मङ्सिर १९ गते बिहान जिल्लाको सदरमुकाम तौलिहवा स्थित शिव मन्दिरको पुवि गेटमा



Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org

बहिष्कृत पूर्व लडाकु नेपाल
सामुदायिक रेडियो प्रसारक संघ
निर्वाचनका लागि युवा, साझा अभियान
निर्वाचन पर्यवेक्षण समिति
नेपाल मानव अधिकार संगठन
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

राति रातो झोलामा राखिएको सकेट बम फेला परेकोमा नेपाली सेनाको बम टोलीले राति निस्कृय पारेको छ । कपिलवस्तु जिल्लाको करिब ७५ किमि क्षेत्रमा खुला सिमा रहेको र निर्वाचनका समयमा अपराधिक गतिविधि तथा निर्वाचनमा गैर नेपाली समेत छिर्ने सम्भावना रहेका कारण सिमानाका बन्द गर्न लागिएको सहायक प्रमुख जिल्ला अधिकारी रामेश्वर अर्यालले जानकारी दिए ।

**प्यूठान प्रतिनिधि रविन्द्र पाण्डे**काअनुसार माओवादी केन्द्रका प्रदेश सभातर्फ समानुपातिक उम्मेदवार राधा अधिकारीको घर नजिक प्यूठान नपा-४ जुम्री बजारमा मङ्सिर २० गते टाइम बम भेटिएको छ । उक्त बम नेपाली सेनाको बम डिष्पोजल टोलीले निष्कृय बनायो ।

**सुर्खेत प्रतिनिधि दुर्गा थापा**काअनुसार मौन अवधिमा छिन्चुमा नेपाली काङ्ग्रेसका कार्यकर्ताहरूले भोट माग्दै हिँडेको पाइयो । हातमा मतदाता नामावली लिएका काङ्ग्रेसका कार्यकर्ताले घर घरमा गई भोट मागेका छन् । मतदानका लागि मतदान केन्द्रको व्यवस्थापन लगायत अन्तिम तयारी सम्पन्न भएको छ ।

**सल्यान जिल्ला प्रतिनिधि मीना बुढाथोकी**काअनुसार निर्वाचनको तयारी पूरा भएको छ । जिल्ला निर्वाचन कार्यालयले दिएको जानकारी अनुसार जिल्लाका १ सय ८० मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृत लगाएतको कर्मचारी टोली खटिइसकेको छ । जिल्ला प्रशासन कार्यालयले निर्वाचनलाई लक्षित गरि सुरक्षा प्रबन्ध मजबुत पारेको जनाएको छ ।

**दाङ जिल्ला प्रतिनिधि जे एन सागर**काअनुसार घोराही उपमनपा-४ सवारीकोटस्थित प्रावि सवारीकोटमा मैथली भाषाको निर्वाचन प्रचार सामग्री पुगेपछि स्थानीय मतदाता अन्यौलमा परेका छन् । २ सय ५० घरधुरी रहेको मगर जातीहरूको बस्तीमा मैथली भाषाको निर्वाचन प्रचार सामाग्री पुगेको स्थानीय रविलाल घर्तीले बताए । दाङमा आचारसंहिताको पालना तुलनात्मक हिसाबले गरिएको पाइएको छ । हालसम्म मौन अवधिमा कतै भोज भतेर, पैसा बाडेको वा अन्य कुनै दलिय प्रचारका काम भएको पाइएको छैन ।

**बर्दिया प्रतिनिधि मानबहादुर चौधरी**काअनुसार जिल्लाका सबै मतदान केन्द्रमा महिला र पुरुषको अलग अलग लाइन बनाई मतदान केन्द्रमा निर्वाचनको अन्तिम तयारी भएको छ । बारबर्दिया नपाको दुध्धाथानफेनामा नेपाली काङ्ग्रेसका कार्यकर्ताले मतदातालाई पैसा बाँड्न गएको बामगठबन्धनले आरोप लगाएको छ । यसैगरी गुलरिया नपा-५ बालापुरमा अज्ञात समूहले लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले प्रयोग गरेको बोलेरो जीप तोडफोड गरेको छ । गेरुवा गाउँपालिकाकाको जनकनगरमा लोकतान्त्रिक गठबन्धनका कार्यकर्ताले मतदातालाई डरधम्की दिएको पाइएको छ ।

**दैलेख जिल्ला प्रतिनिधि अमर सुनार**काअनुसार जिल्लाका ४ नगरपालिका र ७ वटा गाउँपालिका समेत ११ वटै स्थानीय तहका १ सय ३६ मतदान स्थलहरूमा थप केन्द्र समेत निर्धारण गरिएका १ सय ९६ वटै मतदान केन्द्रहरू निर्माण कार्य सम्पन्न भइसकेका मुख्य निर्वाचन अधिकृत सनतचन्द्र लवटले जानकारी दिए । आठबीस नगरपालिकाको लक्ष्मी मावि सात्तला मतदान केन्द्रका सहायक मतदान अधिकृत भोजराज खनाललाई मदिरा सेवन गरेको कारण जिम्मेवारीबाट पदच्यूत गरिएको छ । मदिरा खाई मतदान कार्यक्रम समेत प्रभावित पार्ने क्रियाकलाप गरेको कारण उनलाई जिम्मेवारीबाट हटाइएको दैलेख क्षेत्र नं. २ का निर्वाचन अधिकृत उमाकान्त पौडेलले जानकारी दिए ।



Secretariat
Citizen's Campaign for Clean Election (CCCE)
Informal Sector Service Centre (INSEC)
Tel.: 5218770 Fax: 015218251; Email: cleanelection2017@gmail.com; Website: www.cleanelection.org